# दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

*मिति २०८३।०१।२१ गतेसम्म भएको संशोधनसमेत मिलाइएको।*

आन्तरिक मामिला तथा ..., बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

**प्रदेश राजपत्रमा प्रकाशित मिति**
२०८०।०९।२६

संशोधनः
दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ २०८३।०१।२१

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**प्रस्तावना**ः बागमती प्रदेशका नागरिकलाई गुणस्तरीय र विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न विशेषज्ञ चिकित्सकलाई प्रदेश अस्पतालमा काम गर्न प्रोत्साहित गर्न, मनोबल बढाउन, खटाइएको अस्पतालको सेवामा स्थायित्व कायम राख्न र स्वास्थ्य सेवा प्रवाहमा थप जिम्मेवार बनाउन विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन गर्न वाञ्छनीय भएकोले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य निर्देशनालयलाई सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले बागमती प्रदेशभित्रका महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाँउपालिकाहरूलाई सम्झनु पर्छ।

◆(च) "विशेषज्ञ चिकित्सक" भन्नाले चिकित्साशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथिको उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा विशेषज्ञ चिकित्सकको रुपमा नाम दर्ता भई प्रदेश मातहतका अस्पतालहरुमा आठौं तह वा सो भन्दा माथिको पदमा स्थायी पद वा मन्त्रालयको स्थायी दरबन्दीमा करारमा कार्यरत चिकित्सक सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम निःशुल्क वा छात्रवृत्तिमा अध्ययन पश्चात काम गर्नको लागि खटाइएको चिकित्सकलाई समेत जनाउँछ।

(छ) "अस्पताल" भन्नाले मन्त्रालय मातहतका प्रदेश अस्पताललाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

◆ पहिलो संशोधनद्वारा संशोधित।

(ज) "व्यवस्थापन समिति" भन्नाले स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले मन्त्रालय मातहतका स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य तालिम केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, आयुर्वेद औषधी उत्पादन केन्द्र, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र स्वास्थ्य कार्यालयलाई सम्झनु पर्छ।

(ञ) "स्वास्थ्यकर्मी" भन्नाले खण्ड (च) मा परिभाषित विशेषज्ञ चिकित्सक बाहेकका सम्बन्धित काउन्सिलमा नाम दर्ता भएका चिकित्सक र स्वास्थ्यकर्मीलाई सम्झनु पर्छ।

(ट) "दुर्गम क्षेत्र" भन्नाले यो कार्यविधिको प्रयोजनको लागि प्रदेशका काठमाडौं, ललितपुर र भक्तपुर बाहेकका जिल्लाहरूलाई सम्झनु पर्छ।

(ठ) "विस्तारित अस्पताल सेवा" भन्नाले अस्पतालको नियमित सेवा बाहेकको अतिरिक्त समयमा प्रदान गरिने सेवालाई सम्झनु पर्छ।

## परिच्छेद- २

## दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता

३. ◆**कार्यक्रम लागु हुने निकायः** (१) दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला बाहेकका प्रदेश अस्पतालहरूमा लागु हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

◆ पहिलो संशोधनद्वारा संशोधित।

(२) उपदफा (१) मा उल्लिखित कार्यक्रमको अतिरिक्त विशेषज्ञ चिकित्सकको उपलब्धता सुनिश्चित गरी अनुसूची-१ बमोजिमको अस्पतालमा विशिष्टीकृत सेवा प्रदान गर्न विशेष प्रोत्साहन योजना कार्यान्वयन गर्न सकिनेछ।

४. **<u>प्रोत्साहन सुविधा प्रदान गर्नेः</u>** (१) दफा ३ बमोजिम दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन कार्यक्रम लागू भएका प्रदेश अस्पतालका विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन सुविधा प्रदान गरिनेछ।

◆(२) उपदफा (१) बमोजिम प्रदान गरिने प्रोत्साहन सुविधा दफा ३ को उपदफा (१) बमोजिमका अस्पतालहरुमा अनुसूची-१क. बमोजिम र अनुसूची-१ बमोजिमको विशिष्टीकृत सेवाको हकमा अनुसूची-१ख. बमोजिम प्राप्ताङ्कको आधारमा प्रतिशत कायम गरी सोही आधारमा बढीमा शतप्रतिशत सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (२) अनुसारको प्रोत्साहन सुविधाको रकमलाई शतप्रतिशत मानी अस्पतालमा हाजिर भई डिउटी रोष्टर अनुसार कामकाज गरेका आधारमा देहायबमोजिम प्रोत्साहन सुविधा उपलब्ध गराउनु पर्नेछः-

(क) महिनाको छब्बीस कार्यदिन रूजु हाजिर भई कामकाज गरेका विशेषज्ञ चिकित्सकहरूलाई शत प्रतिशत सुविधा उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

◆ पहिलो संशोधनद्वारा संशोधित।

+तर नेपाली पात्रो अनुसार तीस दिनभन्दा कमको कुनै महिना भएमा सो महिनाको सार्वजनिक बिदा (शनिबार) बाहेकका दिनहरुको कामकाजलाई शतप्रतिशत मानी प्रोत्साहन भत्ता उपलब्ध गराउन बाधा पर्ने छैन।

(ख) छब्बीस कार्यदिन भन्दा कम कार्यदिन रूजु हाजिर भई कामकाज गरेकोमा प्रतिदिन तीन दशमलव पाँच प्रतिशतका दरले कट्टा गरेर बाँकी रकम उपलब्ध गराउनु पर्नेछ।

(ग) पन्ध्र कार्य दिन भन्दा कम कार्यदिनको रूजु हाजिर भई कामकाज गरेको विशेषज्ञ चिकित्सकहरूलाई यस कार्यविधिबमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराइने छैन।

+(४) विशेषज्ञ चिकित्सकले आफ्नो विषय विज्ञता अनुसारको कामकाज, मर्निङ कन्फरेन्स, सि.एम.ई./सि.एन.ई. लगायत अस्पतालको गुणस्तरीय स्वास्थ्य सेवालाई मद्दत पुग्ने गरी कार्य गर्नु पर्छ।

५. **<u>दोहोरो पर्ने गरी भुक्तानी गर्न नहुने:</u>** (१) विशेषज्ञ चिकित्सकलाई यस कार्यविधिबमोजिम प्रोत्साहन सुविधा भुक्तानी गर्दा हाल खाइपाइ आइरहेको भत्ता वा अन्य सुविधासँग दोहोरो नपर्ने गरी भुक्तानी दिनु पर्नेछ।

(२) दफा ४ को उपदफा (२) बमोजिम प्रोत्साहन सुविधा प्रदान गर्दा विशेषज्ञ चिकित्सकलाई व्यवस्थापन समिति वा अन्य कुनै

---

+ पहिलो संशोधनद्वारा थप।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

निकाय मार्फत प्रोत्साहन भत्ता वा सुविधा उपलब्ध गराइएको भएमा यस कार्यविधिबमोजिम उपलब्ध हुने भत्ता वा अन्य सुविधाको रकमसँग दोहोरो नपर्ने गरी प्रदान गर्नु पर्नेछ।

(३) अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट मन्त्रालयको सहमतिमा नियुक्त भएका विशेषज्ञ चिकित्सकहरूलाई अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार अस्पतालको आन्तरिक स्रोतबाट दफा ४ बमोजिमको प्रोत्साहन सुविधा प्रदान गर्न यस कार्यविधिले बाधा पुऱ्याउने छैन।

६. **<u>प्रोत्साहन सुविधा भुक्तानी प्रक्रियाः</u>** (१) दफा ४ बमोजिमको प्रोत्साहन सुविधा भुक्तानीका लागि विशेषज्ञ चिकित्सक कार्यरत प्रदेश अस्पतालमा नै सम्बन्धित खर्च शीर्षकमा मन्त्रालयबाट बजेट विनियोजन हुनेछ।

(२) उपदफा (१) बमोजिमको बजेट शीर्षकबाट विशेषज्ञ चिकित्सकलाई दफा ४ बमोजिम नियमानुसार आयकर कट्टा गरी प्रोत्साहन सुविधा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन सुविधा भुक्तानीको लागि कामकाज गरेको जनाउने विद्युतीय हाजिरी र विशेषज्ञ चिकित्सकले प्रदान गरेको सेवाको अनुसूची- २ बमोजिमको प्रतिवेदन फाराम कार्यालय प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ।

७. **<u>बिदाः</u>** (१) विशेषज्ञ चिकित्सकहरूले नेपाल सरकार तथा प्रदेश सरकारले तोकेबमोजिमको सार्वजनिक बिदा पाउने छन्।

(२) अस्पतालको सेवा प्रवाह अवरुद्ध नहुने गरी कानूनबमोजिम पाउने अन्य बिदाको उपभोग गर्न र प्रचलित

आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

नियमानुसार पाउने सट्टा बिदा लिन यस कार्यविधिले बाधा पुऱ्याउने छैन।

## परिच्छेद- ३

## विस्तारित अस्पताल सेवा प्रोत्साहन सुविधा

८. **विस्तारित अस्पताल सेवा प्रोत्साहन:** (१) दफा ३ को उपदफा (१) बमोजिम कार्यक्रम लागू भएका अस्पतालले विस्तारित अस्पताल सेवा सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काठमाडौं, ललितपुर र भक्तपुरका प्रदेश अस्पतालहरूले पनि विस्तारित अस्पताल सेवा सञ्चालन गर्न सक्नेछन्।

९. **स्वास्थ्यकर्मीले प्रोत्साहन सुविधा पाउने:** (१) जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३१ को उपदफा (२) मा प्रावधान भए बमोजिम दफा ८ बमोजिम विस्तारित अस्पताल सेवा सञ्चालन गर्ने अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीले थप प्रोत्साहन सुविधा प्राप्त गर्ने छन्।

(२) उपदफा (१) बमोजिम चिकित्सक तथा स्वास्थ्यकर्मीलाई थप प्रोत्साहन सुविधा प्रदान गर्नका लागि विस्तारित अस्पताल सेवा सञ्चालनबाट प्राप्त भएको आयमा प्रत्यक्ष खर्च कटाएर बाँकी भएको आय मध्ये बीस प्रतिशत रकम अस्पतालको कोषमा जम्मा गरी बाँकी रहेको असी प्रतिशतलाई सय प्रतिशत मानी देहायबमोजिम प्रोत्साहन सुविधा प्रदान गर्नु पर्नेछ:-

(क) चिकित्सक र अन्य स्वास्थ्यकर्मीहरूलाई (Including Prescriber) नब्बे प्रतिशत,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) लेखा, प्रशासन, स्टोर, काउन्टर, मेडिकल रेकर्डर, बायोमेडिकल, सरसफाइ लगायतका कर्मचारीलाई दश प्रतिशत।

(३) विस्तारित अस्पताल सेवा सञ्चालनका समयमा अस्पतालबाट स्वास्थ्य सेवा प्रदान गर्दा चिकित्सकीय परामर्श शुल्क र अन्य स्वास्थ्य सेवा शुल्क मन्त्रालयले तोके बमोजिम हुनेछ।

(४) यस दफा बमोजिमको सुविधा प्रदान गर्दा सुविधा प्राप्त गर्ने विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको ई-हाजिरी भएको रेकर्ड तथा सेवा प्रदान गरेको अनुसूची-३ बमोजिमको प्रतिवेदन कार्यालय प्रमुखबाट प्रमाणित भएको आधारमा प्रदान गर्नु पर्नेछ।

(५) विशेषज्ञ चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरूले कार्यालय वा सेवा प्रवाहमा अनुपस्थित रहेको समयको यस दफाबमोजिमको प्रोत्साहन सुविधा पाउने छैनन्।

## **परिच्छेद- ४**

## **अभिलेख व्यवस्थापन**

१०. **अभिलेख व्यवस्थापनः** (१) विशेषज्ञ चिकित्सकले सेवाग्राहीलाई उपलब्ध गराएको सेवा सम्बन्धी सङ्ख्या, विवरण र अन्य अभिलेख चुस्त दुरुस्त देखिने गरी राख्नुपर्नेछ।

(२) कार्यालय प्रमुखले चिकित्सकको कामको अभिलेख राख्न ड्युटी रोस्टर तयार गरी लागू गर्नु पर्नेछ।

(३) कार्यक्रम लागू भएका अस्पतालका प्रमुखले साप्ताहिक चक्रिय प्रणालीका आधारमा विशेषज्ञ चिकित्सक तथा ड्युटी अफिसर अग्रिम तोक्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- ५

## <u>व्यवसाय सञ्चालन तथा निजी अभ्यास गर्न नहुने</u>

११. **<u>व्यवसाय सञ्चालन तथा निजी अभ्यास गर्न नहुनेः</u>** (१) दफा ३[+], <u>दफा ५ को उपदफा (१)</u> र दफा ८ बमोजिमको कार्यक्रम लागू भएका अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सक, चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरूले निजी, सहकारी, सामुदायिक र मेडिकल कलेज वा अन्य स्वास्थ्य संस्थामा सेवा प्रदान गर्न वा काम गर्न वा व्यवसाय सञ्चालन गर्न वा निजी अभ्याससमेत गर्न पाउने छैनन्।

(२) विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता प्राप्त गर्ने विशेषज्ञ चिकित्सक तथा विस्तारित अस्पताल सेवा सञ्चालन गर्ने अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीहरूले अनुसूची- ४ बमोजिमको स्वःघोषणा फाराम भरी हस्ताक्षर गरी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ र कार्यालय प्रमुखले प्रमाणित गरी स्वास्थ्य निर्देशनालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद- ६

## <u>विविध</u>

१२. **<u>अनुगमनः</u>** (१) यस कार्यविधिबमोजिम तोकिएको काम भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नु पर्नेछ।

(२) विस्तारित अस्पताल सेवा सञ्चालन गर्ने अस्पतालहरूले विस्तारित अस्पताल सेवा सञ्चालन गरेको समयमा सेवाग्राहीलाई उपलब्ध गराएको सेवा सम्बन्धी सङ्ख्या, विवरण र अन्य अभिलेख चुस्त दुरुस्त देखिने गरी राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

[+] पहिलो संशोधनद्वारा थप।

१३. **<u>कार्यविधि विपरित काम गरेमा हुने कारवाही:</u>** (१) यस कार्यविधि विपरीत कार्य गरेको पाइएमा सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीलाई आवश्यक कारबाहीको लागि सम्बन्धित काउन्सिलमा लेखी पठाइनेछ।

(२) झुट्टा वा नक्कली विवरण पेश गरी प्रोत्साहन सुविधा लिएको पाइएमा सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीबाट सरकारी बाँकी सरह असुल उपर गर्नु पर्नेछ। यसरी झुट्टा वा नक्कली विवरण पेश गर्ने चिकित्सक वा स्वास्थ्यकर्मी र प्रमाणित गर्ने कार्यालय प्रमुखलाई प्रचलित कानूनबमोजिम कारबाहीका लागि सिफारिस हुनेछ।

(३) यस दफाबमोजिम कारबाही गर्नु अघि बढीमा १५ दिन भित्र पेश गर्ने गरी सफाइको मौका प्रदान गरिनेछ।

१४. **<u>अनुसूची थपघट वा हेरफेर:</u>** प्रदेश सरकारले यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, संशोधन वा थपघट गर्न सक्नेछ।

१५. **<u>आवश्यक व्यवस्था मिलाउने:</u>** यो कार्यविधि कार्यान्वयनका क्रममा केही बाधा अवरोध उत्पन्न भएमा मन्त्रालयले कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## ◆अनुसूची- १

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**विशेषज्ञ चिकित्सक व्यवस्थापनको लागि अस्पताल र विशिष्टीकृत सेवाको वर्गीकरण**

| अस्पतालको नाम | विशेषज्ञ चिकित्सक तथा सम्बन्धित क्षेत्रमा प्रदान गरिने सेवा | कैफियत |
|---|---|---|
| चौतारा अस्पताल, सिन्धुपाल्चोक | जनरल सर्जन, एनेस्थेसियोलोजिष्ट, स्त्री तथा प्रसुति रोग विशेषज्ञ, हाड जोर्नी रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, | |
| रसुवा अस्पताल, रसुवा | | |
| पशुपति चौलागाईं अस्पताल, दोलखा | | |
| रामेछाप अस्पताल, रामेछाप | | |
| सिन्धुली अस्पताल, सिन्धुली, | | |
| हेटौंडा अस्पताल, मकवानपुर | न्यूरो फिजिसियन/सर्जन, मुटु रोग विशेषज्ञ, एनेस्थेसियोलोजिष्ट, मृगौला रोग विशेषज्ञ | सम्बन्धित क्षेत्रमा विशिष्टिकृत सेवा सञ्चालन" |

◆ पहिलो संशोधनद्वारा संशोधित।

## [+]अनुसूची- १क.

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधाको दर</u>

| क्र.सं. | भौगोलिक स्थान | न्यूनतम सेवा मापदण्ड अङ्क | प्रोत्साहन सुविधाको दर |
|---|---|---|---|
| १ | काठमाडौं उपत्यका (काठमाडौं, भक्तपुर र ललितपुर) | जति भएपनि प्राप्त नहुने | प्रोत्साहन सुविधा प्राप्त नहुने |
| २ | रसुवा | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा १२५ प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा १०० प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ७५ प्रतिशत |
| ३ | दोलखा, रामेछाप र सिन्धुली | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा १०० प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ७५ प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ५० प्रतिशत |
| ४ | नुवाकोट, धादिङ्ग, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा ७५ प्रतिशत |
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ५० प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा २५ प्रतिशत |
| ५ | चितवन र मकवानपुर | ८० प्रतिशत वा सो भन्दा बढी भएमा | आधारभूत तलवमानमा ५० प्रतिशत |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

[+] पहिलो संशोधनद्वारा थप।

| क्र.सं. | भौगोलिक स्थान | न्यूनतम सेवा मापदण्ड अङ्क | प्रोत्साहन सुविधाको दर |
|---|---|---|---|
| | | ६० देखि ७९ प्रतिशत भएमा | आधारभूत तलवमानमा ३५ प्रतिशत |
| | | ४० देखि ५९ प्रतिशत भएमा | आधारभूत तलवमानमा २५ प्रतिशत |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# [+]अनुसूची- १ख.

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधाको दर</u>

| क्र.स. | कार्यसम्पादन | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| १. | सम्बन्धित विषय विज्ञता सम्बन्धी सेवा प्रदान गरेको | १० | बढीमा १० |
| २. | Morning conference, CME/ CNE मा सक्रिय सहभागिता रहेको | ५+५ | बढीमा १० |
| ३. | अनुशासन, आचरण, शिष्टचार भएको | ५ | बढीमा ५ |
| ४. | समयको पालना तथा नियमितता भएको | ४+१ | बढीमा ५ |
| ५. | २४ घण्टा अन कल सेवा प्रदान गरेको | १० | बढीमा १० |
| ६. | सार्वजनिक बिदाको दिन सेवा प्रदान गरेको | ५ | बढीमा ५ |
| ७. | विभागीय मासिक तथ्याङ्क भेरिफीकेसन, Mortality/Morbidity/MPDSR Review मासिक रुपमा सम्पादन गर्ने गरेको | १० | बढीमा १० |
| ८. | सम्बन्धित अस्पतालमा कार्यावधि | < ६ महिना = २<br>६ महिना - १ वर्ष = ४<br>१ वर्ष - २ वर्ष =६<br>>२ वर्ष = ८ | बढीमा ८ |
| ९. | सरोकारवालासँगको समन्वय | ५ | बढीमा ५ |
| १०. | MSS Score | ≥८५% = ३२<br>७०-८४% = २५<br>५०-६९% = २०<br><५०% = १५ | बढीमा ३२ |
|  | जम्मा | १०० अंक | बढीमा १०० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

[+] पहिलो संशोधनद्वारा थप।

| क्र.स. | कार्यसम्पादन | अंक भार | प्राप्त अंक |
|---|---|---|---|
| | प्रतिशत (%) | १०० | १०० |
| प्रोत्साहन सुविधाको दर | | १०० प्रतिशतलाई आधारमानी मूल्याङ्कनको आधारमा प्राप्त प्रतिशत बराबर" | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- २

(दफा ६ को उपदफा (३)सँग सम्बन्धित)

## विशेषज्ञ चिकित्सकले प्रदान गरेको सेवाको मासिक प्रतिवेदन फाराम

विशेषज्ञ चिकित्सकको नामः

पदः तहः

विशेषज्ञताः स्थायी/अस्थायी करारः

मितिः २०.. साल..........महिना............... को प्रतिवेदन

| क्र.सं. | रोगको निदान (Diagnosis) | उपचार गरेको सङ्ख्या | | | | सेवाग्राहिको नतिजा (Outcome) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पी.डी. | इमर्जेन्सी | अन्तरङ्ग विभागमा भर्ना भएका | | प्रेषण | डिस्चार्ज | मृत्यु | अन्य | |
| | | | | उपचार गरेका | शल्यक्रिया गरेका | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**तयार गर्नेको**

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

**प्रमाणित गर्ने कार्यालय प्रमुखको**

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**नोटः**

**रोगको निदान (Diagnosis):** यस महलमा सम्बन्धित विशेषज्ञ चिकित्सकले उक्त महिनामा निदान गरेका मुख्य मुख्य समस्या वा रोगहरूको उल्लेख गर्नुहोस्।

**उपचार गरेको सङ्ख्याः** यस महलमा निदान भएको समस्या मध्ये उपचार गरिएको ओ.पी.डी., इमर्जेन्सी वा अन्तरङ्ग विभाग मध्ये कुन विभागमा सेवा लिएको हो सोही अनुसार उल्लेख गर्नुहोस्।

**सेवाग्राहिको नतिजा (Output):** यस महलमा ओ.पी.डी., इमर्जेन्सी वा अन्तरङ्ग विभागमा निदान भएका मध्ये उक्त महिनामा भर्ना भएका, अन्यत्र प्रेषण गरिएका, डिस्चार्ज भएका, मृत्यु भएका वा अन्य (सेवा बीचमा छाडेका तथा अन्य) को सङ्ख्या उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ३

(दफा ९ को उपदफा (४) सँग सम्वन्धीत)

## <u>विस्तारित अस्पताल सेवा कार्यक्रमको मासिक प्रतिवेदन</u>

मिति: २०.. साल ..........महिना............... को प्रतिवेदन

| क्र.सं. | रोगको निदान (Diagnosis) | उपचार गरेको सङ्ख्या | | | | सेवाग्राहिको नतिजा (Outcome) | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ओ.पी.डी. | इमर्जेन्सी | अन्तरङ्ग विभागमा भर्ना भएका | | प्रेषण | डिस्चार्ज | मृत्यु | अन्य | |
| | | | | उपचार गरेका | शल्यक्रिया गरेका | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**<u>तयार गर्नेको</u>**

हस्ताक्षर:

नाम थर:

पद:

मिति:

**<u>प्रमाणित गर्ने कार्यालय प्रमुखको</u>**

हस्ताक्षर:

नाम थर:

पद:

मिति:

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**नोटः**

**रोगको निदान (Diagnosis):** यस महलमा सम्बन्धित अस्पतालले विस्तारित सेवा दिंदा उक्त महिनामा निदान गरेका मुख्य मुख्य समस्या वा रोगहरूको उल्लेख गर्नुहोस्।

**उपचार गरेको सङ्ख्याः** यस महलमा निदान भएको समस्या उपचार गरिएको ओ.पी.डी., इमर्जेन्सी वा अन्तरङ्ग विभाग मध्ये कुन विभाग हो सो उल्लेख गर्नुहोस्।

**सेवाग्राहिको नतिजा (Output):** यस महलमा विस्तारित सेवामा ओ.पी.डी., इमर्जेन्सी वा अन्तरङ्ग विभागमा निदान भएका मध्ये उक्त महिनामा भर्ना भएका, अन्त्र प्रेषण गरिएका, डिस्चार्ज भएका, मृत्यु भएका वा अन्य (सेवा बीचमा छाडेका, तथा अन्य) को सङ्ख्या उल्लेख गर्नुहोस्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ४

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

**स्वःघोषणा फाराम**

म बागमती प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालय मातहतको.............................. जिल्लामा रहेको ........................................ अस्पतालमा कार्यरत डा./श्री ....................................ले यस अस्पतालमा रही सेवा प्रदान गरून्जेल कुनै पनि प्रकारको निजी, सहकारी, सामुदायिक र मेडिकल कलेज, अस्पताल वा अन्य स्वास्थ्य संस्थामा सेवा प्रदान गर्ने वा काम गर्ने वा व्यवसाय सञ्चालन गर्ने वा निजी अभ्यास समेत गर्ने छैन यदि गरेको पाइएमा दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० ले तोके बमोजिमको कुनै पनि सेवा सुविधा लिन योग्य हुने छैन। यदि सुविधा लिएको पाइएमा प्रचलित कानूनबमोजिम सजाय भोग्ने र लिएको सुविधा फिर्ता गर्नेछु भनि स्वयम् घोषणा गर्दछु।

कर्मचारीको हस्ताक्षरः

कर्मचारीको नाम थरः

कर्मचारीको पदः

कर्मचारीको तहः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश